**गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तिकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**<u>प्रस्तावना</u>**: जातीय भेदभाव तथा छुवाछूतजन्य व्यवहार अन्त्य गर्दै दलित समुदायको हक अधिकारको प्रभावकारी कार्यान्वयन गर्न र दलित समुदायको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा शैक्षिक अधिकारको प्रवर्द्धन, सशक्तिकरण र विकास गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद-१

**<u>प्रारम्भिक</u>**

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "गण्डकी प्रदेश दलित अधिकार तथा सशक्तीकरण ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "जातीय भेदभाव तथा छुवाछूत" भन्नाले जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ को दफा ४ बमोजिमको कार्य सम्झनु पर्छ ।

(ख) "तोकिएको" वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ग) "दलित" भन्नाले नेपालको संविधानको धारा २५५ बमोजिम राष्ट्रिय दलित आयोगले सुचीकृत गरेका जातजाती र सूचिकृत बाहेकका हकमा सम्बन्धित स्थानीय तहको सिफारिसमा जिल्ला प्रशासन कार्यालयबाट दलित भनी प्रमाणित गण्डकी प्रदेशभित्रका जातजाती सम्झनु पर्छ ।

(घ) "परम्परागत पेशा" भन्नाले दलित समुदाय भित्रका विभिन्न जातजातीहरूले प्राचीन समयदेखि जीविकोपार्जनको लागि अङ्गीकार गर्दै आएको विभिन्न पेशा, सीप, कला तथा ज्ञानलाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको सामाजिक विकास सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(छ) “विपन्न दलित” भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी निश्चित वार्षिक आयभन्दा कम आय भएको भनि तोकेको दलित समुदायको कुनै जात वा परिवार वा व्यक्ति सम्झनु पर्छ ।

(ज) “समिति” भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्छ ।

(झ) “सार्वजनिक स्थान” भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, प्राचीन स्मारक, सार्वजानिक स्थल, पाटि—पौवा, धारा, इनार, कुवा, पोखरी, चौतारी, सडक वा बाटो, सार्वजनिक यातायातका साधन, मसानघाट, उद्यान, बगैंचा, धार्मिक स्थल जस्ता स्थान सम्झनु पर्छ र सो शब्दले सार्वजनिक रूपमा वस्तु वा सेवा विक्री वितरण गर्ने अन्य कुनै पनि स्थान समेतलाई जनाउनेछ ।

(ञ) “शैक्षिक संस्था” भन्नाले प्रदेशभित्र सञ्चालित सबै शैक्षिक संस्था सम्झनुपर्छ र सो शब्दले कलेज, विश्वविद्यालय र शिक्षा तथा तालिम प्रदान गर्ने संस्था समेतलाई जनाउँछ ।

(ट) “स्थानीय तह” भन्नाले प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

(ठ) “स्थानीय समिति” भन्नाले दफा ६ बमोजिमको स्थानीय समिति सम्झनु पर्छ।

## परिच्छेद-२

## जातीय भेदभाव तथा छुवाछूत अनुगमन र दलित सशक्तिकरण समिति सम्बन्धी व्यवस्था

३. **जातीय भेदभाव तथा छुवाछूत अनुगमन र दलित सशक्तिकरण समितिको गठनः** (१) प्रदेशस्तरमा देहायबमोजिमको एक जातीय भेदभाव तथा छुवाछूत अनुगमन र दलित सशक्तिकरण समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) कानून सचिव, कानुन सम्बन्धि विषय हेर्ने मन्त्रालय -सदस्य

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) प्रमुख, प्रदेश प्रहरी कार्यालय - सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग - सदस्य

(च) कम्तीमा स्नातक तह उत्तिर्ण गरी दलित समुदायको उत्थान, विकास तथा दलित हक अधिकारका सम्बन्धमा अध्ययन, अध्यापन, अनुसन्धान गरी ख्याती प्राप्त गरेको दलित समुदायको व्यक्ति मध्येबाट मन्त्रालयले मनोनीत गरेको एक जना -विज्ञ सदस्य

(छ) दलित हक अधिकार तथा मानवअधिकारका क्षेत्रमा कम्तीमा पाँच बर्षदेखि कार्य गर्दै आएका दलित समुदायका व्यक्ति मध्येबाट फरक वर्गका दलितको प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनीत गरेको दुई जना महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक भएका व्यक्ति वा अपाङ्गता भएका व्यक्ति मध्येबाट एक जना व्यक्ति सहित पाँच जना -सदस्य

(ज) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(३) प्रदेश सभामा दलित समुदायबाट प्रतिनिधित्व गर्ने प्रदेशसभा सदस्यलाई वैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

(५) खण्ड (च) र (छ) बमोजिम मनोनीत सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

(६) समितिका सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता र यातायात खर्च पाउनेछन्।

४. <u>**समितिको काम, कर्तव्य र अधिकारः**</u> (१) दफा ३ को उपदफा (२) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय भेदभाव तथा छुवाछूत विरूद्धका प्रचलित नीति तथा कानूनको प्रभावकारीता अध्ययन गरी जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि नीति तथा योजना तर्जुमा गर्न प्रदेश सरकारलाई आवश्यक सल्लाह तथा सुझाव प्रदान गर्ने,

(ख) जातीय भेदभाव तथा छुवाछूत विरूद्धका प्रचलित नीतिगत तथा कानूनी व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्बन्धित निकायसँग समन्वय गर्ने,

(ग) जातीय विभेद तथा छुवाछूतबाट पीडित दलित समुदायका व्यक्तिलाई सामाजिक सुरक्षा, पुनर्स्थापना तथा तत्काल राहतको व्यवस्था गर्न गराउन मन्त्रालयलाई सिफारिश गर्ने,

(घ) जातीय विभेद तथा छुवाछूतजन्य व्यवहार गर्नेलाई कारवाहीको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ङ) नेपालको संविधानको धारा ४० लाई कार्यान्वयन गर्न बनेका सम्पूर्ण नीति, ऐन, नियम तथा योजनाहरूको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने,

(च) दलित समुदायको हक अधिकार सुनिश्चितता, वृत्तिविकास र क्षमता अभिवृद्धि तथा जातीय भेदभाव तथा छुवाछूत अन्त्य गर्ने सम्बन्धमा सशक्तिकरण अभियान सञ्चालनका लागि आवश्यक व्यवस्था गर्ने,

(छ) दलित समुदायको आर्थिक, राजनीतिक र सामाजिक अवस्थाको अध्ययन गरी प्रतिवेदन पेश गर्ने,

(ज) दलित समुदायको सशक्तीकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(झ) दलित समुदायका हक अधिकार सम्बन्धमा नेपाल सरकार पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताहरूको गण्डकी प्रदेशमा कार्यान्वयनको अवस्थाको अध्ययन गरी प्रदेश सरकारलाई राय सुझाव दिने,

(ञ) भूमिहिन दलितको पहिचान तथा उनीहरुको अवस्था सम्बन्धमा अध्ययन, अनुसन्धान गरी सम्बन्धित निकायमा पठाउने,

(ट) स्थानीय स्तरमा दलित समुदायको हकहित प्रवर्द्धन र सशक्तीकरण गर्न स्थानीय समितिलाई निर्देशन दिने,

(ठ) दलित समुदायको परम्परागत मौलिक कला, पेशा, ज्ञान, सीप र प्रविधिको पहिचान गरी अभिलेखन गर्ने,

(ड) तोकिएबमोजिमका अन्य कार्य गर्ने।

(२) समितिको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

५. **बैठक र निर्णय सम्बन्धी व्यवस्था:** दफा ३ बमोजिमको समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) समितिको वैठक समितिको अध्यक्षको अध्यक्षतामा वस्नेछ।

(ख) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठक बोलाउनेछ।

(ग) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(घ) अध्यक्षले बैठकको निर्णय प्रमाणित गर्नेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

६. <u>**जातीय भेदभाव तथा छुवाछूत अनुगमन र दलित सशक्तिकरण स्थानीय समितिः**</u>- (१) प्रदेशभित्रका स्थानीय तहमा देहाय बमोजिमको एक जातीय भेदभाव तथा छुवाछूत अनुगमन र दलित सशक्तिकरण स्थानीय समिति रहनेछः-

(क) प्रमुख वा अध्यक्ष, सम्बन्धित स्थानीय तह -अध्यक्ष

(ख) उपप्रमुख वा उपाध्यक्ष, सम्बन्धित स्थानीय तह -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित स्थानीय तह -सदस्य

(घ) सम्बन्धित स्थानीय तहले तोकेको गाउँ, नगरसभा वा कार्यपालिकाका दलित सदस्यमध्येबाट कम्तीमा एक जना महिला सहित तीन जना -सदस्य

(ङ) सम्बन्धित स्थानीय तह हेर्ने प्रहरी कार्यालय प्रमुख -सदस्य

(च) दलित अधिकार तथा मानवअधिकारको क्षेत्रमा कार्य गर्दै आएका सम्बन्धित स्थानीय तहको दलित समुदायको व्यक्ति मध्येबाट फरक वर्गका दलितको प्रतिनिधित्व हुने गरी अध्यक्षले मनोनित गरेको एक जना महिला, एक जना लैङ्गिक यौनिक अल्पसङ्ख्यक वा अपाङ्गता भएका व्यक्ति सहित चार जना - सदस्य

(छ) सम्बन्धित स्थानीय तहको सामाजिक विकास शाखा हेर्ने अधिकृत -सदस्य सचिव

(२) समितिको सचिवालय सम्बन्धित स्थानीय तहमा रहनेछ ।

(३) मनोनीत सदस्यको पदावधि तीन बर्षको हुनेछ ।

(४) समितिका सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता र यातायात खर्च पाउनेछन्।

७. **स्थानीय समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ६ को उपदफा (१) बमोजिम गठित स्थानीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) जातीय विभेद तथा छुवाछूत अन्त्यको लागि नीति तथा कार्यक्रम तर्जुमा गरी आवश्यक वजेट विनियोजन गर्न स्थानीय तहलाई अनुरोध गर्ने,

(ख) स्थानीय स्तरमा जातीय विभेद तथा छुवाछुतका विरूद्ध समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) स्थानीय स्तरमा दलित सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(घ) जातीय विभेद तथा छुवाछूत गर्ने व्यक्तिलाई कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने,

(ङ) छुवाछूतजन्य व्यवहारका विषयमा दलितलाई निशुल्क कानूनी सहायता उपलब्ध गराउन समन्वय गर्ने।

(च) सामाजिक न्याय प्रवर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याएका दलित समुदायका ऐतिहासिक व्यक्तित्वको जीवनी पाठ्यपुस्तकमा समावेश गराउन सिफारिस गर्ने।

(छ) जातीय विभेद तथा छुवाछूतजन्य घटनाको सूचना दिने व्यक्तिलाई प्रोत्साहन र संरक्षण गर्न सिफारिस गर्ने ।

(ज) दफा ३ बमोजिमको समितिले दिएको निर्देशन कार्यान्वयन गर्ने ।

(२) स्थानीय समितिको निर्देशन पालना गर्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

८. **स्थानीय समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्थाः** दफा ६ बमोजिमको स्थानीय समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः-

(क) समितिको वैठक समितिको अध्यक्षको अध्यक्षतामा वस्नेछ।

(ख) अध्यक्षको निर्देशानुसार सदस्य सचिवले बैठक बोलाउनेछ।

(ग) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(घ) अध्यक्षले बैठकको निर्णय प्रमाणित गर्नेछ ।

(ङ) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।

## परिच्छेद ३

## शिक्षा सम्बन्धी व्यवस्था

९. **शिक्षा सम्बन्धी व्यवस्थाः** (१) प्रदेश सरकारले विपन्न तथा जेहेन्दार दलित विद्यार्थीलाई उच्च शिक्षासम्म अध्ययन गर्न सहुलियतपूर्ण छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) प्रदेश सरकारले सीपमुलक, प्राविधिक तथा व्यवसायिक शिक्षा पढ्न चाहने आर्थिक रुपले विपन्न दलित विद्यार्थीको लागि दोहोरो नपर्ने गरी विशेष कार्यक्रमको व्यवस्था गर्नेछ ।

(३) छात्रवृत्ति र विशेष कार्यक्रम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ४

## समानुपातिक सहभागिता तथा प्रतिनिधित्व सम्बन्धी व्यवस्था

१०. **समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व गराउनुपर्नेः** (१) प्रदेश सरकारका सबै निकाय तथा संरचनामा दलित समुदायको तोकिए बमोजिम सहभागिता तथा प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम समानुपातिक समावेशी सिद्धान्तको अवलम्बन गर्दा दलितका लागि आरक्षित सिट मध्ये निश्चित प्रतिशत दलित महिलाका लागि तोकिए बमोजिम सुनिश्चित गरिनेछ।

(३) समानुपातिक समावेशी सिद्धान्त बमोजिम सार्वजनिक तथा सरकारी सेवामा प्रवेश गराउनको लागि दलित समुदायका व्यक्तिका लागि सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

## परिच्छेद ५

## परम्परागत सीप, कला, पेशा, ज्ञान र प्रविधि सम्बन्धी व्यवस्था

११. **परम्परागत सीप, कला, पेशा, ज्ञान र प्रविधिको पहिचान, संरक्षण, विकास र व्यवसायीकरणः** (१) दलित समुदायले अवलम्बन गरेको परम्परागत मौलिक कला, पेशा, ज्ञान, सीप र प्रविधिलाई प्रचलित कानुन बमोजिम बौद्धिक सम्पत्तिको रुपमा संरक्षण गरिनेछ ।

(२) बौद्धिक सम्पत्तिको अधिकार र उपभोग सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारले दलित समुदायका व्यक्तिलाई प्रविधि र सीप विकास तालिम प्रदान गरी उनीहरूको परम्परागत पेशाको सम्वर्धन गर्नेछ।

(४) प्रदेश सरकारले दलित समुदायको परम्परागत कला, पेशा, ज्ञान, सीप र प्रविधि विकासको लागि प्रोत्साहन गर्नेछ ।

(५) दलित समुदायको परम्परागत मौलिक कला, पेशा, ज्ञान, सीप र प्रविधिसँग सम्बन्धित व्यवसाय गर्न चाहने दलित समुदायका आर्थिक रुपले विपन्न व्यक्ति, परिवार वा समूहलाई प्रदेश सरकारले अनुदान तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद ६
## विविध

१२. **स्वास्थ्य सम्बन्धी व्यवस्थाः** (१) विपन्न दलित व्यक्तिलाई स्वास्थ्य जाँच र स्वास्थ्य उपचारमा छुट तथा सुविधा दिन तोकिएबमोजिम निशुल्क स्वास्थ्य बिमाको व्यवस्था गरिनेछ।

(२) प्रदेश सरकारले उपलब्ध गराउने स्वास्थ्य उपचारसँग सम्बन्धित जुनसुकै आर्थिक सहायतासँग दोहोरो नपर्ने गरी विपन्न दलित व्यक्तिलाई जटिल तथा गम्भीर प्रकृतिको रोग लागेमा स्वास्थ्य उपचारको लागि आर्थिक सहायता प्रदान गर्न सक्नेछ।

(३) प्रदेश सरकारले विपन्न दलित समुदायको बालबालिका तथा गर्भवती र सुत्केरी महिलाको लागि बृहत पोषण प्रवर्द्धन सम्बन्धी कार्यक्रम संचालन गर्नेछ।

१३. **बिवरण सार्वजनिक गर्नेः** दफा ३ र ६ बमोजिमको समितिहरुले आफुले गरेको कार्यको बार्षिक रुपमा विवरण सार्वजनिक गर्नेछ ।

१४. **नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

(२) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न मन्त्रालयले आवश्यक मापदण्ड बनाउन सक्नेछ।